# गण्डकी गाउँपालिका

स्थानीय राजपत्र

**खण्डः९** **संख्याः ९** **मितिः२०८२।१२ ।२२**

**भाग-२**

**गण्डकी गाउँपालिका**

## गण्डकी गाउँपालिका स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धि कार्यविधि

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा ३ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ र गण्डकी गाउँपालीका बालबालिका संरक्षण तथा विकास ऐन, २०८० को दफा १८ बमोजिम गण्डकी गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद - १

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम " गण्डकी गाउँपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि- २०८२ रहेको।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(ग) “प्रदेश मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

(घ) "प्रदेश समिति" भन्नाले गण्डकी प्रदेश बाल अधिकार समिति सम्झनुपर्दछ ।

(ङ) “स्थानीय तह" भन्नाले गण्डकी गाउँपालिका सम्झनुपर्दछ ।

(च) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ ।

(छ) "समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनुपर्दछ ।

(ज) "स्थानीय चालु अधिकार समिति" भन्नाले गाउँपालिका बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनुपर्छ।

## परिच्छेद-२

### ३. गाउँ बाल अधिकार समितिको गठनः-

(१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्बर्धन गर्ने गाउँपालिका देहाय बमोजिमको गाउँ बाल अधिकार समिति रहनेछ।

(क) उपाध्यक्ष वा निजले ताकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) अध्यक्षले ताकेको कार्यपालिका सदस्य /महिला सदस्य -सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य

(घ) स्वास्थ्थ शाखा प्रमुख - सदस्य

(ङ) तोकिएको अस्पतालको प्रमुख चिकित्सक - सदस्य

(च) गाउँपालिका भित्रको प्रहरी कार्यालय प्रमुख - सदस्य

(छ) गाउपालिका भित्रका माध्यमिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक १ जना -सदस्य

(ज) बाल आधिकरको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेको १ जना – सदस्य

(झ) महिला विकास सहकारी संस्थाको प्रतिनिधि १ जना - सदस्य

(ञ) बाल अधिकारको क्षेत्रमा क्रियाशील गैर सरकारी क्षेत्रमा काम गरेको प्रतिनिधि १ जना - सदस्य

(ट) बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता - सदस्य

(ठ) गाउँस्तरीय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) - सदस्य

(ड) बालबालिका शाखामा कार्यरत शाखा प्रमुख -सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (झ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धि कसूर, संगठित अपराध, बालबालिका विरुद्धको कसूर, बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ।

### ४. गाउँ बालअधिकार समितिको काम, कर्तव्य र अधिकार-

(१) दफा ३ बमोजिम गठन हुने गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानुन, योजना, कार्यक्रम र संस्थागत व्यवस्था गर्ने,

(ग) गाउँपालिकमा संचालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मुल्यांकन तथा समीक्षा गरि सुझाव दिने,

(घ) बाल अधिकारसम्बन्धी कार्यक्रम कार्यन्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) नेपाल पक्ष रहेका बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धिसँग सम्बन्धित गाउँस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(च) गाउँपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पिडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःथापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्प लाइन १०९८ (दश नौ आठ) नेपाल संचालन सेवा अभिवृद्धिजस्ता कार्य समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृधि गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरि मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद र सम्बन्धित निकायहरुमा पठाउने,

(झ) बालबालिका सम्बन्धि स्थानीय तथ्यांक/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, संचालन, व्यवस्थापन र सुद्धिकरणमा सहयोग गर्ने,

(ञ) बालसंरक्षण तथा बालअधिकार प्रवर्धनका लागि संचालन हुने राष्ट्रिय प्रादेशिक र गाउँपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने

(ठ) गाउँपालिकाभित्र संचालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायत भएमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन टोलि/समिति गठन गरि अनुगमन गर्ने/गराउनेः

१) बालबालिकाको वैयक्तिक विवरण अधावधिक गरी राखेको छ वा छैन,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालक्लब गठन गरि बालबालिकालाई खेलकुद, मनोरन्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बालसहभागिताजस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४) बालबालिका ऐन, प्रचलित कानुन तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५) बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै काम भएको छ वा छैन,

६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

७) बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीवाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

८) व्यवस्थापन पक्ष तथा बालबालीकाले ऐन, प्रचलित कानुन वा मापदण्ड बमोजीम पालना गर्नु पर्ने कुराहरु पालना गरेको छ वा छैन,

९) उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

१०) बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन,

११) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## ५. वडा बालअधिकार समितिको गठन :

गाउँपालिकामा प्रत्येक वडा भित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछः

१. वडाअध्यक्ष / अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

२. वडा महिला सदस्य -सदस्य

३. वडा भित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि -सदस्य

४. वडा भित्रका सामुदायिक वा संस्थागत विद्यालयहरुमध्यबाट वडा अध्यक्षले तोकेको एकजना प्रधानाध्यापक - सदस्य

५. बालबालिकाको क्षेत्रमा क्रियाशील वडा भित्रका गैर सरकारी संस्थाबाट वडा अध्यक्षले तोकेको व्यक्ति - सदस्य

६. महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि - सदस्य

७. वडा बालसञ्जाल प्रतिनिधि - सदस्य

८. बाल अधिकारको क्षेत्रमा कार्य अनुभव भएको वडा अध्यक्षले तोकेको व्यक्ती -सदस्य

९. वडा सचिव -सदस्य सचिव

## ६. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः

१. बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।

२. वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन अद्यावधिक गर्ने र गाउँ बालाधिकार समिति समक्ष पठाउने।

३. बालअधिकारका क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने,

४. जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने।

५. वडाभित्र बालअधिकार हननका घटनाका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने।

६. आवश्याक्तानुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने,

७. बालअधिकारको सम्मान, संरक्षणमा र प्रबर्धनका लागि वकालत गर्ने वडा समितिलाई बालअधिकारको क्षेत्रमा आवश्यक सुझाव दिने,

८. वडाभित्र बालबालिकाका सम्बन्धमा भए गरेको कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँ बालअधिकार समिति समक्ष पठाउने,

९. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने

## ७. गाउँ/वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधिः

गाउँ बालअधिकार समिति वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ-

१. समितिको बैठक कम्तिमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

२. अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ

३. सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयहरुको सूची सहित दुइदिन अगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ।

४. समितिमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्यबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

६.बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तीले निर्णायक मत दिन सक्नेछ।

७. समितिको बैठकको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित हुनेछ।

८. समितिको बैठक तथा संचालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ।

९. बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. समितिको बैठकमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ८. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने-

१) स्थानीय समितिले आफुले गर्नुपर्ने कुनै काम सुचारु रुपले संचालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरि परिचालन गर्न सक्नेछ
२) उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेबापत टोलि वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउपालिकाको प्रचलित नियामानुसार समितिले तोकी दिए बमोजिम हुनेछ।

## ९. विविध -

१. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्वर्द्धन गाउँस्तरिय योजना तथा कार्यक्रम तर्जुमा गर्ने स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ख) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यन्वयन गर्ने गराउने

ग) स्थानीय बालअधिकार समितिको सदस्य सचिव भई काम गर्ने,

घ) स्थानीय बालाधिकार समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने

२. बाधा अड्काउ, फुकाउः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले बाधा अड्काउ, फुकाउका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३. खारेजी र बचाऊः (१) यो कार्यविधि लागु भएपछी यस पुर्व स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, र सोसँग सम्बन्धी कार्यपालिकाका निर्णयहरु स्वत: खारेज भएको मानिनेछ।

४. (३) उपदफा (१) बमोजिमका कार्यविधि, आदेश वा निर्णय बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

प्रमाणीकरण मितिः२०८२। १२।२२

आज्ञाले
तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत